







# समुदायमा आधारित पुर्नस्थापना मार्फत समाबेशी बिकास कार्यक्रम

## सफलताका कथा संग्रह

**कपिलवस्तु**

**प्रकाशक:**
दलित सामाजिक विकास केन्द्र
कपिलवस्तु नगरपालिका ५ डँगरी
कपिलवस्तु नेपाल
फोन: ०७६-६२०१७२
इमेल: dsdc2061@gmail.com

**आर्थिक तथा प्राविधिक सहयोग**
यूनाइटेड मिसन टु नेपाल

**अवधारणा लेखन तथा संकलन**
रक्षाराम हरिजन
राजेन्द्र चौधरी
शिव कुमारी तेलि गुप्ता
जीत नारायण अहिर

**सम्पादन**
धनी राउत (परियोजना अधिकृत, यू.एम.एन. कपिलवस्तु कलस्टर)
वीर नेपाली (अपाङ्गता समावेशीरण सल्लाहकार, यू.एम.एन. थापाथली)
प्रेम देवकोटा (अपाङ्गता पुनर्स्थापना व्यवस्थापक, यू.एम.एन. थापाथली)

**लेआउट तथा डिजाइन**
रमेश मान महर्जन (यू.एम.एन. थापाथली)

**भाषा रुपान्तरण**
इमान बहादुर सुनार

**सर्वाधिकार**
© दलित सामाजिक विकास केन्द्र, २०७९

यो पुस्तिकामा मुद्रित सम्पुर्ण सुचना तथा जानकारी दलित सामाजिक विकास केन्द्रको लिखित अनुमति विना मुद्रण वा उत्पादन गर्न पाइने छैन

# कृतज्ञता ज्ञापन

समूदायमा आधारित पुनर्स्थापना मार्फत समावेशी विकास परियोजना अन्तर्गत सफलताका कथाहरु तपाइहरु समक्ष राख्न पाउदा दलित सामाजिक विकास केन्द्र गौरवान्भित महशुस गर्दछ । अपाङ्गता भएको व्यक्तिहरुको समग्र पुनर्स्थापना गरी सामूदायिक कार्यमा समान सहभागिता हुने वातावरणको र्सजना गर्ने र उनीहरुको गुणस्तरिय जीवनस्थर सुधार गर्ने यो परियोजनाको लक्ष्य थियो ।  यो महत्वपूर्ण पुस्तिका यूनाइटेड मिसन टु नेपालको अथिर्क तथा प्राविधिक सहयोगमा संचालित यो परियोजनाको २०१६ देखि २०२२ सम्ममा प्राप्त उद्देश्य अनुसारको मुख्य उपलब्धिहरुलाई अभिलेखीकरण गर्ने उदेश्यले तयार पारिएको हो । यो पुस्तिका तयार पार्न विभिन्न व्यक्तित्वहरुको महत्वपूर्ण भमिका रहेको छ, तसर्थ दलित सामाजिक विकास केन्द्र वहाहरुको सहयोग प्रति गहिरो आभार व्यक्त गर्दछ ।

पहिलो र प्रमुख, AID–CBR टोली उनीहरूको अद्भुत योगदानको लागि इमानदार प्रशंसाको योग्य छ । AID–CBR परियोजनाका सामाजिक परिचालनकर्ताहरु, परियोजना संयोजक यस पुस्तिका तयार गर्न गहन रूपमा लाग्नु भएकोले थिए । स्रोत ब्यक्तीले कथा आकारमा सबै जानकारी संकलन गर्न योगदान दिनुभएको थियो यूएमएनका परियोजना अधिकृत र वरिष्ठ सञ्चार प्राविधिक र डिजाइन अधिकृतले छानिएका कथाहरू, आवश्यक अनुवाद, सम्पादन र कागजातहरूको अन्य आवश्यक मापदण्डहरू पूरा गर्न सहयोग गर्नुभएको थियो । साथै, लेआउट  डिजाइन र अन्तिम सम्पादनमा योगदानको लागि यू.एम.एन.का प्राविधिक ज्यूहरुलाई धन्यवाद ।

अन्त्यमा, महत्वपूर्ण रुपमा कथाको लागि जानकारी प्रदान गरेकोमा संस्थाका कर्मचारीहरु र लाभान्वित व्यक्तिहरु तथा उक्त कार्यक्रम सफल बनाउनमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्ण महानुभवहरूमा कृतज्ञता व्यक्त गर्दछौ । विशेषगरी, सामुदायिक परिचालक र कार्यक्रम संयोजकले कथा संकलन र संयोजन गर्न धेरै मिहेनत गर्नुभएको थियो । लाभान्वित समुदाय, कथाका हाम्रा वास्तविक नायकहरु जसको कटिबद्धता तथा धैर्यविना यो अभिलेखीकरण सम्भव हुने थिएन । आफ्ना जीवन कथाहरुको बारेमा जानकारी दिनुभएकोमा यहाँहरुलाई हृदयदेखि धेरै धेरै धन्यवाद ।

सेवाप्रवाहको लागि हालसालै अपाङ्गता समावेशी पद्धति अपनाएका सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको सहयोग र समझदारीको लागि कृतज्ञता व्यक्त गर्दछौं । अन्य अपाङ्गता भएका व्यक्तिहरु लाई र सम्बन्धित निकायहरुलाई समावेशी सेवाको लागि प्रोत्साहन गर्न हामी सबै मिलेर प्रयास गर्न सक्छौ ।

**राम शरन रैदास**
कार्यकरी निर्देशक
दलित सामाजिक विकास केन्द्र कपिलवस्तु

# ओछ्यानमै बस्ने गरेका सुरज विद्यालय जान थाले

८ वर्षीय सुरज* यादव शारिरिक अपाङ्गता भएका बालक हुन । मष्तिस्क पक्षघातको प्रभावको कारणले उनी हिँडडुल गर्न र बोल्न सक्दैनथे । उनी यशोधरा गाउँपालिका वडा नं. ७ सुल्तानवापुरका एक गरिब यादव परिवारका हुन् । अशिक्षा र कमजोर आर्थिक अवस्थाका कारण अमितको शारीरिक पुर्नस्थापना र उपचार गर्न परिवारले सकिरहेको थिएन । जसकारण उनी पढाइ लेखाइ एवं स्वतन्त्र रूपमा हिँडडुल गर्न र खानपान अनि बोल्न समेत सकिरहेका थिएनन् । उमेर बढ्दै जादा उनको समस्या पनि बढ्दै गइरहेको थियो । खाटमा सुतेर आफ्नो दैनिकी बिताउन बाध्य थिए ।

उनको परिवार उनको त्यो अवस्था देखेर चिन्ता त गर्दथे तर उनी ठिक हुन्छन् भन्ने कुरामा आसा राख्दैनथे । "हामिलाई हाम्रो बच्चा अपाङ्गता भएको हो भन्ने थाहा नै थिएन र ठिक होला भन्ने आशा पनि थिएन" (अमितका हजुरबुवा भगवानदास यादव भन्दछन् ।)

विस्तारै अमितका हजुरबुवा अपाङ्गता सम्बन्धि कार्यक्रमहरूमा सहभागी हुँदै गए र उनलाई अपाङ्गताको बारेमा थाहा हुँदै गयो । यू.एम.एन. र दलित सामाजिक विकास केन्द्रको साझेदारीमा यशोधरा गाउँपालिकामा सञ्चालन भएको सी.बी.आर परियोजनाबाट गठन समूहहरूमा उनले सहभागीता जनाउन लागे । अपाङ्गताको बारेमा बुझ्दै जादा उनलाई आफ्नो नाति पनि अपाङ्गता भएको हो र यसको औषधी उपचार भएमा सुधार हुन्छकि भन्ने आशाले उनले आफ्नो नातिको समस्या परियोजनाका कर्मचारीलाई सुनाए । र उनले परियोजनका कर्मचारीहरूको सल्लाहमा



** नाम परिवर्तन*

गाउँपालिकाबाट आफ्नो नातिको अपाङ्गता परिचय पत्र पनि बनाइदिए। परियोजनाबाट उनको नाति अमितलाई शारीरिक पुर्नस्थापना र उपचारको लागी HRDC को बुटवल सेन्टरमा पठाईयो । उनको उपचारपछि पनि समय समयमा डाक्टरलाई देखाइरहनु गर्ने र डाक्टरले बताए अनुसार नियमित व्यायाम गर्नु पर्ने भयो। परियोजनाबाट अमितका अभिभावक र उनी जस्ता अन्य व्यक्तिहरूका परिवारलाई समुदायमा आधारित पुनर्स्थापना विधी तालिम प्राप्त भयो । तालिममा सिकाइए अनुसार अमितलाई उनका परिवारले नियमित रूपमा व्यायाम गराइरहे र अहिले पनि गराइरहेका छन्, जसको कारण विस्तारै उनको अवस्थामा सुधार हुँदै गएको छ ।

अमित अहिले आफै हिँडडुल गर्न सक्छन्, परिवारमा आफ्ना कुराहरू भन्न सक्छन्, गाउँकै विद्यालयमा कक्षा २ मा पढिरहेका छन् । परिवारबाट माया र सहयोग पाइरहेका छन् । पहिले अमितको अवस्थालाई देखेर पुर्व जन्मको पापको फल भनेर घृणा गर्ने छरछिमेकीको सोच अमित प्रति सकारात्मक हुँदै गएको छ। अमित आफ्ना साथि संग घुलमिल भइ खेल्ने कुराकानी गर्ने गर्छन। अमित र उनको परिवार खुशी छन् ।

“मेरो नातीले नयाँ जीवन पाएको कुरा नै सब भन्दा ठुलो उपलब्धी हो । अपाङ्गता जसलाई पनिहुन सक्छ। त्यसैले आपाङ्गताको कारण कसैलाई पनि हेला, घृणा र हेप्नु हुँदैन” अतिको हजुरबुवा भगवान दास यादव भन्नुहुन्छ।





# आत्मनिर्भरका लागी शिव प्रसादको उल्लेखनीय यात्रा

“जब म ८ वर्षको थिएँ पर्खालमा मुसाको घर भत्काउने काम गर्ने क्रममा मेरो खुट्टा माथि पर्खाल खसेर घाइते भएँ । औषधी उपचार गराए पनि पुर्ण रुपमा निको भएन । विस्तारै खुट्टा सुक्दै गयो र म अन्य व्यक्ति सरह हिँडडुल गर्न र काम गर्न नसक्ने भएँ । मेरो त्यो अवस्था भएकोले परिवारले मलाई पढाउन चाहेनन । छरछिमेकिले समेत मलाइए अपहेलना गर्दथे । तर पनि म आफै पढ्न थाले । मेरो साथीहरूसँग पैसा सहयोग मागेर किताबहरू किने । साथीहरूको सहयोग र आफै बोर्डिंग स्कुलमा पढाएर कमाएको पैसाले मैले मेरो पढाई निरन्तर गरि आइ.एस.सी. पास गरे । तर पनि मैले राम्रो जागीर पाउन सकिन नत केही राम्रो व्यवसाय गर्न सकें ।” यो भनाइ यशोधरा गाउँपालिका वडा नं ५ मुडिलाका ५३ वर्षीय शिव प्रसाद मिश्रको हो ।

मिश्र एक सामान्य परिवारका शारीरिक अपाङ्गता भएका व्यक्ति हुन । उनको परिवारमा उनी, उनका श्रीमती, २ छोरा र ३ छोरी छन् । एकातर्फ परिवारको आर्थिक अवस्था कमजोर र अर्कोतर्फ उनको अपङ्गता भएको कारण चाहेर पनि उनले आफु र परिवारको दैनिकी जिवनमा सुधार गर्न सकिरहेका थिएनन् । हुर्कदै गरेका छोराछोरीको पालनपोषण र पढाइको खर्च जुटाउन उनलाई गाह्रो परिरहेको थियो । पण्डित परिवारका भएपनि अपाङ्गता भएकै कारण समुदायमा पण्डितको काम पाउन सकेका थिएनन् । उनको अपाङ्गतालाई देखेर समुदायमा मानिसहरू उनलाई पण्डितको काममा बोलाउन चाहादैनथे । छरछिमेकमा अपाङ्गता भएकै कारण उनलाई अपहेलना गर्ने गर्दथे ।



जब यशोधरा गाउँपालिकामा यू.एम.एन. र दलित सामाजिक विकास केन्द्रको साझेदारीमा सी.बी.आर. परियोजनाबाट विभिन्न जनचेतनामुलक कार्यक्रम संचालन गरे मिश्र ति कार्यक्रमहरूमा सहभागी भए । परियोजनाबाट उनी र उनको समुदायमा अपाङ्गता भएको व्यक्तिको क्षमता विकास र जनचेतनामुलक कार्यक्रमहरू संचालन भए जसकारण उनी र समुदायको सोचमा सकारात्मक परिवर्तन आउन थाल्यो । उनको आर्थिक अवस्थामा सुधार ल्याउनका लागी परियोजनाबाट रु २५०००/- (पच्चिस हजार) आर्थिक सहयोग गरियो । सो रकमबाट उनले आफ्नै घरमा खुद्रा पसल संचालन गरे । विस्तारै उनले आफ्नो पसलबाट फाइदा पाउन थाले । दैनिक रु ६००/- आम्दानी पसलबाट हुन थाल्यो । उनको आर्थिक अवस्थामा सुधार हुन थाल्यो र गाउँको पसलवाला साहुजी भएकै कारण उनलाई छरछिमेकमा अपहेलना गर्ने व्यक्तिहरूको बीचमा सकारात्मक परिवर्तन आउन थाल्यो । परियोनाबाट समुदायमा अन्य व्यक्तिहरू र समाजसेवि धार्मिक अगुवाहरूलाई अपाङ्गता र अपाङ्गता अधिकारको बारेमा जनचेतना फैलाउदै गयो । समुदायमा विस्तारै उनलाई पनि धार्मिक कार्यक्रमहरूमा बोलाउन थाले । पहिले उनलाई लुलो लङ्गडो भनेर जिस्काउँथे तर अहिले मिश्र जी, पण्डित जी तथा साहुजी भनेर बोल्न थाले । दुबै श्रीमान श्रमतीको सहमतिमा आफ्नो नाममा रहेको उनको जमिन दुबै जनाको संयुक्त नाममा पनि बनाए । समाजका धेरै मानिसहरूले चिन्न थाले । घरमा उनको पसल उनकी श्रीमतीले सम्हाल्न थालिन उनि गाउँमा पण्डितको काममा व्यस्त हुन थाले । दुइतर्फको आम्दानीले उनको आर्थिक अवस्थामा धेरै सुधार आयो । आफ्ना छोरा छोरीहरूको पालन पोषण र पढाइ खर्च सजिलो भएको छ । अहिले उनले मोटर साइकल समेत किनेका छन् । समाजमा उनलाई सम्मान दिन थालेका छन् । गाउँमा पुजा विवाह वर्त वन्धनका काममा उनलाई झ्याइ नझ्याइ छ । आफ्नो जीवनमा परिवर्तन आएको देखेर उनि धेरै खुशी छन् ।



# एउटा सिलाई मेसिनले बदलिएको जीवन

२८ वर्षीय सब दजी यशोधरा गाउँपालिका वडा न मा बस्छन् । जब उनी ५ वर्षका थिए उनलाई पोलियो लाग्यो र उनको दाहिने खुट्टा धेरै नै प्रभावित भयो । जसकारण उनलाई हिँडडुल गर्न र आफ्नो दैनिक काम गर्न असहज भयो । यो अवस्थाले गर्दा उनको परिवार का सदस्यहरूमा चिन्ता बढ्यो । उनको परिवारले उनलाई विद्यालय पठाउन र राम्रो शिक्षा दिलाउन प्रयास गरे । उनले पढ्ने विद्यालयको भौतिक संरचना अपाङ्गतामैत्री थिएन । विद्यालयमा शिक्षकहरू र साथीहरूले उपनाम दिएर जिस्काउथे र उनी अन्य विद्यार्थी भन्दा शारिरिक रुपमा कमजोर र फरक भएका कारण विद्यालयमा हुने शैक्षिक र अतिरिक्त क्रियाकलापहरूमा समान रुपमा सहभागी हुन सकेनन् । त्यसकारण उनले कक्षा ६ मा पढ्दै गर्दा विद्यालय छाडे । अशिक्षा र शारीरिक अवस्था कमजोर भएका कारण गाउँमा कुनै काम नपाएपछि आफ्नो आर्थिक अवस्था सुधार गर्न उनि भारतमा काम गर्न जान बाध्य भए ।

जब उनि भारतबाट छुट्टि लिएर घरमा आएका थिए त्यस समयमा यू.एम.एन. र दलित सामाजिक विकास संस्थाको साझेदारीमा सञ्चालन भएको सी.बी.आर. परियोजनाबाट सञ्चालिम जनचेतनामुलक कार्यक्रमहरूमा भाग लिने अवसर पाए । विभिन्न तालिम, अन्तरक्रिया, बैठक र गोष्ठी जस्ता कार्यक्रमहरूमा सहभागी भई उनले अपाङ्गताको बारेमा धेरै कुरा जान्न पाए । जसकारण उनी आफ्नो अपाङ्गताका कारण अन्य व्यक्ति भन्दा फरक होइनन् भन्ने कुरा बुझे र अपाङ्गता भएका व्यक्तिहरू पनी केहि गर्न सक्छन् भन्ने विश्वासका साथ नेपालमै बसेर केही व्यवसाय गर्ने निर्णय गरे ।

उनको सोचलाई साकार बनाउनका लागि सी.बी.आर. परियोजनाबाट उनलाई रु २५000/- (पच्चिस हजार) रुपैंया व्यवसाय गर्नका लागी सहयोग । केहि महिना उनले त्यो पैसाबाट खुद्रा पसल गरे । कोभिडको लकडाउनका कारण उनको पसल बन्द भयो तर पसलबाट बचत गरेको पैसाले उनले सिलाइकटाइ मेसिन किने र कपडा सिलाइको व्यवसाय सुरु गरे । सिलाइका लागी उनले भारतमै हुँदा सीप सिकेका थिए त्यसैले उनलाई यस काममा थप सीप सिक्नु परेन । उनको सिलाइकटाईको व्यवसाय फस्टिदै गयो र उनको आर्थिक अवस्थामा पनि धेरै सुधार भयो । फलस्वरुप महिनाको रु १५000/- बचत गर्न सक्षम भए ।



अहिले उनी विवाह गरी २ सन्तानको बुवा समेत भइ सकेका छन् । परिवारिक आवश्यकता र श्रीमती बाल बच्चाको पालन पोषणको व्यवस्था सजिलै गरिरहेका छन् । थप १ जना युवालाई आफ्नो व्यवसायमा रोजगार पनि दिएका छन् । आफ्नो आर्थिक अवस्थामा सुधार आएकोमा र समाजमा सम्मान पुर्वक जीवन यापन गर्न पाएकोमा उनी अहिले गर्व महसुस गर्दछन् ।

# अपाङ्गता अधिकारका लागि स्थापित अपाङ्गता संजाल

कपिलवस्तुको दक्षिणी भेगमा रहेको यशोधरा गाउँपालिका एक कम विकसित गाउँपालिका हो । सन् २०१६ देखि २०२२ सम्म यस गाउँपालिकाको वडा नं ४, ५, ६ र ७ वडाहरूमा यू.एम.एन. र दलित सामाजिक विकास संस्थाको साझेदारीमा सी.बी.आर. परियोजना सञ्चालन भयो । भारत संग सिमाना जोडीएको यस क्षेत्रमा अपाङ्गता भएक व्यक्तिहरू र तिनका परिवारका सामाजिक आर्थिक अवस्था कमजोर छ । अपाङ्गता भएक व्यक्तिहरूको अवस्था कमजोर हुनुमा स्थानीय सरकार र तिनका क्षेत्रगत शाखाहरू स्वास्थ्य शिक्षा रोजगार र सामाजिक सुरक्षा जस्ता सरोकारवालाहरूको अपाङ्गता भएका व्यक्तिहरूकालागी पर्याप्त सेवा नपुग्नु र अपाङ्गता भएका व्यक्तिहरू स्वंयमको पनि कम क्षमता र एकता नहुनु थियो ।

सी.बी.आर. परियोजनाले यस क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको समूहहरू बनाउन सहजीकरण गऱ्यो । समूहका सदस्यहरूको समूह परिचालन, अपाङ्गता सम्वन्धि क्षमता र नेतृत्व विकास गर्न तालिमहरू दिने लगायएत वकालत समन्वय सहकार्य र अपाङ्गता अधिकारहरूका बारेमा समुदाय स्तरमा विभिन्न कार्यक्रमहरू सञ्चालन गऱ्यो । यो सी.बी.आर. परियोजनाले अपाङ्गता भएका व्यक्तिहरूका लागी काम गर्न समूहमा आवद्ध भएका व्यक्ति र उनीहरुको परिवारका सदस्यहरुको एक पालिका स्तरिय सञ्जाल गठन गऱ्यो र उक्ति सञ्जालका सदस्यहरूलाई क्षमता विकासमा सहजीकरण पनि गऱ्यो । परियोजनाबाट उनिहरूका लागी विभिन्न तालिमहरू जनचेतना मुलक क्रियाकलापहरू सामाजिक समावेशीकरणको लागी क्षमता विकास स्रोतको खोजी त्यसको परिचालन, व्यवस्थापन र संस्थाको कार्यालय सञ्चालनका लागी आवश्यक सामग्रीहरू कुची टेबल समेत सहयोग गऱ्यो । विस्तारै उक्त सञ्जालका सदस्यहरूमा क्षमता विकास हुँदै  गयो र उनिहरू एकिकृत हुँदै  गए ।



अहिले उक्त पालिका स्तरिय सञ्जाल एक गैर सरकारी संस्थाको रूपमा स्थापना भएको छ । समावेशी अपाङ्गता संस्थाको नाममा यशोधरा गाउँपालिका, जिल्ला प्रशासन् कार्यकालय कपिलवस्तु र र समाज कल्याण परिषदमा समेत दर्ता भई संस्थागत रुपमा काम गर्न थालेको छ । जसमा महिला दलित सहितको ११ जनाको कार्यसमिति बनाई गाउँपालिका स्तरमा अपाङ्गताका सवालहरूमा वकालत गर्ने, जनचेतना फैलाउने, अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरूका बारेमा सचेत बनाउने काम गरिरहेका छन् । संस्थागत रुपमा स्थानीय सरकार र अन्य सरोकारवालाहरू संग निरन्तर रुपमा अपाङ्गता भएका व्यक्तिहरूका अधिकारका लागी वकालत गरेका छन् । फलस्वरुप आर्थिक वर्ष २०७८ र २०७९ को गाउँपालिका परिषदबाट रु ३ लाख बजेट ल्याइ विभिन्न वडामा अपाङ्ग सम्वन्धि जनचेतानामुलक र क्षमता विकासका कार्यक्रमहरू सम्पन्न गर्न सफल भएको छ । यसैगरी स्थानीय अन्य संघ संस्थाहरू संग समन्वय सहकार्य गरी संस्थागत रुपमा बलियो भएर सबैका लागी अपाङ्गता समावेशी समाज निर्माणमा गर्ने लक्ष्यका साथ अगाडी बढेको संस्थाका अध्यक्ष हमिदुल्लाह मुसलमानले बताउछन् । उनी अगाडी  भन्छन् "अपाङ्गताको क्षेत्रमा निरन्तर रुपमा काम गर्नकालागी गाउँपालिका र अन्य सरोकारवालाहरूबाट निरन्तर सल्लाह सुझाव र सहयोग पाएर अगाडी बढ्नेछौं भन्ने आशा छ" ।

# रमाउँदै बिद्यालय जान्छन् शरद

कपिलबस्तु जिल्लाको यशोधरा गाउँपालिका वडा नं ५ बस्ने ९ वर्षीय शरद* यादव शारीरिक अपाङ्गता भएका बालक हुन । ६ जना सदस्य रहेको उनको परिवार आर्थिक रुपमा कमजोर छ । शरद २ बर्षको उमेरमा ज्वरो आएपछि बाल पक्षघात भई दाहिने हात बाँया खुट्टामा समस्या भएको थियो । ज्वरो आउदा मेडिकल कलेज भैरहवामा उपचार गराउँदा गराउँदै पनि उनको समस्याको समाधान हुन सकेन । त्यसपछि घरपरिवारले धामि झाक्री गराइ सुधार हुन्छ भन्ने विश्वासमा रहेका थिए तर निको भएन । अस्पतालबाट उपलब्ध उपचार भएतापनि उनी आफ्नो खुट्टाले पूर्णरुपमा टेकेर उभिन सकेनन् । खुट्टाको औंलाले मात्र टेकेर विस्तारै उभिन त सक्थे तर यस्तो अवस्थाले गर्दा उनको दैनिक जीवन कष्टकर बन्दै गएको थियो । शारीरिक अवस्थाले कमजोर भएपछि उनि बिद्यालय जानबाट पनि बञ्चित भए ।

दलित सामाजिक बिकास केन्द्रद्वारा संचालित समाबेशी बिकासको लागि समुदायमा आधारित पूर्नस्थापना परियोजनाको सामाजिक परिचालक वडा स्तरीय अपाङ्गता समितिको बैठक गराऊन जाँदा उनको बारेमा थाहा भयो र उनको शारीरिक जाँच भयो । केही समयको फिजियो थेरापी सेवा पछि अपाङ्ग बाल अस्पताल बनेपामा उनको खुट्टाको सल्यक्रिया भयो र खुट्टाको पुरै पैंतालाले टेक्न सक्ने भए । घरमा आएपछि एक बर्ष सम्म आफ्नो गाउँ टोलमा आफ्नो उमेरका दौतरी बालवालिकासँग घुमफिर गर्न सक्ने भए । विस्तारै हिँड्न सक्ने भएतापनि शरदले बिद्यालय जान मान्दैनथे । दलित सामाजिक बिकास केन्द्रबाट शैक्षिक समाग्री सहयोग र परापर्श सेवा पाएपछि शरद निरन्तर विद्यालय जान थालेका छन् । उनि अहिले रमाउँदै विद्यालय जान्छन् र कक्षा ३ मा पढिरहेका छन् ।

शरदको आमालाई छोरीहरू बिद्यालय गएको तर छोरा बिद्यालय नगएकोमा चिन्तित हुनु हुन्थ्यो तर आज भोली खुशी भएको बताउनु हुन्छ । उहाँ भन्नुहुन्छ छोरामा समस्या (अपाङ्गता) थियो त्यसकारण म चिन्तित थिए तर अब मेरो छोरा बिद्यालय गइरहेको र पढिरहेको देखेर म धेरै खुशी छु ।



* *नाम परिवर्तन*

# उदाहरणीय परिवर्तनको नमूना

कृष्णावती तिवारी ५६ वर्षीया शारीरिक अपाङ्गता भएकि महिला हुन् । उनी जन्मद अन्य व्यक्ति सरह नै सााङ्ग थिईन । जन्मेकी होइनन् । ३८ वर्षको उमेरमा उनलाई थाइराइडको समस्या भयो । जसको असर उनको हात र खुट्टामा पऱ्यो । थाइइराइडको कारण हात खुट्टा सुन्नियर उनलाई हिँडडुल गर्न असहज भयो १८ वर्षसम्म उनी कुनै पनि उपचार नगरी ओछ्यानमा थिइन जसले गर्दा उनको अवस्था झनै बिग्रदै गइरहेको थियो । यस्तो अवस्थामानै उनलाई घरमा र समाजमा अपहेलना गर्दथे । उनले शौचालय जान देखि सबै कुराको लागि आफ्नो परिवारमा भर पर्नु पर्थ्यो तर उनको श्रीमानले उनलाई सधैं साथ दिनुभयो जसको कारण उनको जीवन अलि सहज बनायो ।

उनका श्रीमानले आफ्नो वडामा संचालन भएको अपाङ्गता सम्वन्धि कार्यक्रमको बारेमा सुन्नु भयो, सहज । उहाँ आफ्नी श्रीमतीलाई कार्यक्रममा सामेल गराउन चाहनु हुन्थ्यो ताकि उहाँ आफ्नो कम्फर्ट जोनबाट बाहिर आउने आत्मविश्वास जगाउन सकून । तर उसलाई लाज र चिन्तित महसुस भयो किनकि उसलाई आफ्नो समुदायका मानिसहरूको डर थियो । अपाङ्गता भएका महिलालाई यस्तो कार्यक्रममा सहभागी गराउनु चुनौतीपूर्ण थियो । किनकि समुदायमा भएका व्यक्तिहरु अपाङ्गता लाई फरक किसिमले हेर्न गर्दछन् । उनले श्रीमतीलाई



लिएर श्रीमतीसँगै अभिमुखीकरण कार्यक्रममा सामेल हुनुभयो । कार्यक्रममा आफूजस्तै अपाङ्गता भएका व्यक्तिहरूलाई देखेर र आत्मविश्वासका साथ अपाङ्गताका बारेमा कुरा गर्दा कृष्णावतीलाई खुशी लाग्यो । यो पहिलो पटक थियो जहाँ उनले समूहमा साँच्चिकै रमाइलो गरेर खुशीसाथ आफ्ना विचारहरू सजिलै राख्न सक्षम भइन । अभिमुखीकरण कार्यक्रमको दिन मेरी श्रीमतीका लागि जीवन परिवर्तन गर्ने दिननै बनेको उनका श्रीमान त्रिजोगी नारायण तिवारी बताउँछन् । कार्यक्रमपछि परियोजनाका कर्मचारीले कृष्णावतीको समस्या पहिचान गरे र आवश्यक कसरतहरु सिकाय । सिकायका कसरतहरु नियमित गर्नको लागि उत्प्रेरणा दिए । उनलाई हिँडडुल गर्नको लागि घरमै वाकर र कसरत गर्ने सामाग्री प्रदान गरिएको थियो । उपचारको क्रममा उनको श्रीमानले धेरै साथ दिनुभयो । ३ वर्षदेखि नियमित थेरापी गरेपछि उनी वाकरको सहारा लिएर एक्लै हिँड्न सक्छिन् । खाना पकाउने, सरसफाइ गर्ने र लुगा धुने जस्ता दैनिक काम उनी आफैले गर्न सक्छिन् । उनको शारीरिक अवस्थामा सुधार हुँदै गयो । आफ्नो शारीरिक अवस्थाले गर्न सकिने व्यावसाय गरेर आत्म निर्भर बन्न चाहान्थिन उनी । उनको यो सोचलाई साकार पार्न परियोजनाबाट आर्थिक सहयोग भयो ।

उनले किराना पसल सञ्चालन गर्न थालिन । अपाङ्गता भएकी महिला भएर पसल चलाउनु उनले चुनौतीपूर्ण ठानेकीले उनी सुरुमा डराएकी पनि थिइन । तर, आत्मविश्वासका साथ उनले घरमा पसल खोलिन । कृष्णावती बताउछिन्, अपाङ्गता भएका व्यक्तिले पनि अवसर पाएमा जे पनि गर्न सक्छन् भन्ने देखाउन पाउँदा म खुशी छु । उनले मासिक रु ८०००-९००० रुपैंया सम्म वचत गरेको बताउँछिन् । पुरुषप्रधान समाजमा अपाङ्गता भएकी महिला भएर उनले आफूजस्ता धेरै महिला र आफूजस्तो नभएका महिलाहरूका लागि उदाहरण वने की छिन् । कृष्णावती अपाङ्गता स्वावलम्वन समूहकी सदस्य पनि हुन र उनी नियमित रूपमा विभिन्न तालिम, बैठक र कार्यक्रममा सहभागी हुँदै आएकी छिन् । उनी आफ्नो समुदायका अपाङ्गता भएका व्यक्तिहरू र महिलाहरूका लागि सक्रिय रूपमा आवाज उठाइरहेका छिन् ।



# व्यवसायले फेरियो राधेश्यामको जीवन

कपिलवस्तु जिल्लाको यसोधरा गाउपालिका, ६ भैसाहिया बस्ने बर्ष ४३ का राधेश्याम विश्वकर्मा एक शारीरिक अपाङ्गता भएका व्यक्ति हुन । १५ जनाको संयुक्त परिवारमा बस्ने राधेश्यामको आर्थिक अवस्था निकै कमजोर थियो । परिवारको आर्थिक आवश्यकता पुरा गर्न भारतको मुम्बाई शहरमा काम गर्न गएको समयमा घरको छतबाट लडेपछि उहाको मेरुदण्ड भाँचिएको थियो । विभिन्न अस्पातलमा उपचार गराउँदा पनि निको नभएपछि उहाँ अपाङ्गता हुना पुग्नु भयो । अपाङ्गता भएपछि उहाँप्रति समाजले गरिने ब्यवहार हेर्ने दृष्टि नकारात्मक भयो । अपाङ्गता भएपछि उहाँले कुनै काम गर्न नसक्ने हुनुभयो । दिनभर घरमै बसेर दिन बिताउनु पर्दा हिनता बोध हुने परिवारबाट पनि बोझको रुपमा लिने गर्दथे ।

सन् २०१६ मा सी.बी.आर. परियोजना सञ्चालन भयो । अपाङ्गता सम्बन्धि विभिन्न क्रियाकलापहरू गर्दै गर्दा उनलाई सहभागी हुने अवसर मिल्यो । अपाङ्गताको बारेमा विभिन्न तालिम क्षमता विकासका कार्यक्रमहरूमा सहभागी भइ उनी आफुलाई र आफ्नो क्षमतालाई बुझ्न सके । परियोजनाबाट उनको शारीरिक व्यायाम वाकर बाट हिँड्ने आदि अभ्यास सिकायो र उनले पनि नियमित रुपमा व्यायाम गर्दै गएपछी लठ्ठि टेकेर उभिन र विस्तारै हिँड्न पनि थाले ।

यू.एम.एन. बाटै सञ्चालन भएको पेट परियोजनाबाट उनको दैनिक गतिविधिलाई सहज बनाउने उद्देश्यले पेट कार्ट सहयोग भयो । सो पेटकार्टको सहायताले उनलाई आफ्नो दैनिक कार्य गर्न र वरपर सजिलै आवत जावत गर्न सक्ने भए ।

उनको दैनिक गतिविधि त सुधार भयो साथै उनी आफै आत्म निर्भर पनि बन्न चाहान्थे । उनको यो सोचलाई पुरा गर्न परियोजनाबाट आयआर्जनका लागी खुा पसल सञ्चालन गर्न २००००/- बीस हजार सहयोग पाए र उनले पसल सञ्चालन गरे । छोटो समयमा नै उनले पसलबाट आम्दनी पाउन थाले । पसलबाट आएको नाफाबाट उनले बचत गर्दै पसललाई पनि फस्टाउदै गए । उनको आर्थिक अवस्थामा सुधार हुँदै गएपछि घरपरिवार र समुदायका व्यक्तिहरूबाट उनिप्रतिको व्यवहार सकारात्मक हुँदै गयो । उनि सामाजिक सहभागीता पनि वृद्धि गर्दै गए । अहिले उनीधैरै परिश्रम र मेहनत गरी आफ्नो पसल चलाई रहेका छन् । घर परिवारलाई आर्थिक भार उकास्ने प्रयास गरी रहेका छन् । छोरा छोरीलाई चाहेको विद्यालयमा पढाई रहेका छन् । आफ्नो जीवनमा आएको परिवर्तन र सुधार प्रति उनि खुशी छन् ।



# हस्सनको नयाँ जीवन

कपिलबस्तु जिल्ला यशोधरा गाउँपालिका वार्ड न: ४ मा बस्ने अब्दूलकलाम मियाको नाति हस्सन* इस्लाम एक शारीरिक अपाङ्गता भएका बालक हुन । हस्पिटलमा भ्याकुमबाट तानेर जन्म हुने क्रममा भ्याकुमको असर उनको टाउको र मस्तिष्कमा पर्न गइ मष्तिस्क पक्षघात हुन पुग्यो । जन्मजातै अपाङ्गताको रुपमा जन्मिएका उनी सहज रुपमा हिँडडुल गर्न र बोल्न सक्दैनथे । अपाङ्गता पुर्व जन्मको पाप हो यसलाई लुकाएर राख्नु पर्छ भन्ने समाजमा जन्मिएका उनलाई परिवार र समाजले त्यति चासो दिदैनथे । अरुको सहयोग विना आफ्नो टाउको समेत उठाउन नसक्ने उनको उपचार हुने र पढ्ने लेख्ने कुरामा उनका परवारका सदस्यहरूले आश समेत गरेका थियनन् । उनको दैनिकी सुतेर बितिरहेको थियो ।

यू.एम.एन. र दलित सामाजिक बिकास केन्द्रको साझेदारीमा संचालित समाबेशी बिकासको लागि समुदायमा आधारित पूर्नस्थापना परियोजनाबाट उनको परिवारलाई अपाङ्गताको बारेमा जानकारी भयो । उनको परिवारले उनलाई गाउँपालिकाबाट परिचय पत्र उपलब्ध गराउनु भयो । साथै परियोजनाबाट उनको उपचारमा पनि सहयोग गरियो । निरन्तर उपचार र शारीरिक अभ्यास पछी उनको अवस्थामा सुधार देखिन थाल्यो । हिँडडुल गर्न सहयोग गर्नका लागि विशेष किसिमको जुत्ता दिईयो र उक्त जुत्ताको सहयोगले उहाँलाई हिँडडुल गर्न सहज भयो । हिँड्डुलमा सहज गराउन परियोजनाबाट वाकरको सहयोगमा हिँडडुल गर्न थालेका छन् । चिकित्सकको सल्लाह वमोजीम परिवारका सदस्यले उनको लागि सिकाईएका कसर तहरु नियमित गरिरहनु भएको छ । जसको कारणले उहाँको समस्याहरु विस्तारै समाधान हुँदै गईरहेका छने । उपचार पछि उनको जीवनमा सकारात्मक सुधार भएको छ । उनि अहिले सामान्य कुरा कानिपनि गर्न सक्ने भएका छन् ।





* *नाम परिवर्तन*

# आत्मविश्वासका साथ नेतृत्व

कपिलवस्तो जिल्लाको यशोधरा गाउँपालिका वडा नं मा ४ बस्ने ३५ वर्षकि राधिका बढई शारीरिक अपाङ्गता भएको व्यक्तिको श्रीमति हुन् । उनका श्रीमानको गाडी दुर्घटनामा परेर खुट्टामा घाउ लाग्यो र कमजोर हुँदै गयो । अन्तत उनीमा शारीरिक अपाङ्गता रहयो । ३ छोरी र २ छोरा सहित ७ जनाको परिवार रहेको उनी विपन्न आर्थिक अवस्था अर्थात सुकुबासी परिवारका हुन । उनलाई अपाङ्गता भएको परिवार भएको कारणले समुदायका मानिसहरुले आफ्नो घरमा भएको काम गराउन पनि बोलउँदैन थिए जसको कारण उनको परिवारमा आर्थिक समस्या भयो र फलस्वरुप उनको वालवालिकाहरूलाई बिद्यालयमा पढाउन गाह्रो भयो । आफू समाजको कुनै पनि समाजिक कार्य गर्नको लागि पारिवरिक स्थिति राम्रो नभएको र श्रीमानको अवस्था समेत नाजुक भएको हुनाले उहाँलाई समुदायमा बिभेद गरेको महसुस भयो । श्रीमानको अपाङ्गता भएको कारणले सामाजमा उहाँ प्रति सोच्ने सोच नराम्रो रहेको थियो । राधिका माथि पारिवारिक जिम्मेवारी थपिएपछि उनमा चिन्ता बढ्दै गयो । सामाजिक कार्यमा कसरी भाग लिने आफ्नो कुराहरू कसरी राख्ने त्यस सम्बन्धी उनको आत्मबिश्वास निकै कम भयो । कुनै समूह समितिमा आबद्धहुने मौकाबाट बञ्चित रहेको अवस्था उनीलाई महसुस भयो ।

दलित सामाजिक बिकास केन्द्र र यूनाइटेड मिसन टु नेपालको संयुक्त साझेदारीमा सञ्चालित सी.बी.आर. परियोजना अन्तर्गत परियोजनाको सहजीकरणमा सिद्धार्थ अपाङ्गता समिति यशोधरा गाँउपालिका वडा नं. ४ मा सदस्य पदमा रहेर काम गर्न लागिन । त्यसपछि उनी सी.बी.आर. परियोजनाबाट सञ्चालित लैगिकता सम्बन्धी तालिम, समूह परिचालन तालिम,



अपाङ्गता सचेतना सम्बन्धी तालिम, अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास सम्बन्धी तालिम समावेशी शिक्षा सम्बन्धी तालिम भेदभाव तथा लान्छन् न्यूनिकरण सम्बन्धी सहभोज कार्यक्रममा सहभागी भईन् । बोलीचालीमा क्षमता विकास भएको कारणले उनी अहिले सामाजिक अगुवाइ गरी काम गरिरहेकी छिन् । अपाङ्गताको क्षत्रमा वकालत गर्ने, सचेतिकरण गर्ने र सरोकारवालाहरू संग लवि र समन्वय गर्ने गर्छिन । साथै उनि बिद्यालयमा विद्यालय व्यवस्थापन समितिमा कोषाध्याक्ष पदमा रही काम गरिरहेकि छिन् भने ३ वर्ष देखि सिद्धार्थ अपाङ्गता समितिमा अध्यक्ष पदमा रही अपाङ्गता भएको व्यक्तिहरूको अगुवाइ गरिरहेकि छिन् । अहिले आफ्नो वालवालिकाहरू निरन्तर बिद्यालयमा पठाएकि छन् र उनको जीवनमा समग्रमा धेरै सुधार आएको देखिन्छ ।

राधिका भन्छिन् “अब म पनि केही गर्न सक्छु भन्ने बिश्वास लागेको छ । समाजमा महिलाहरूलाई एकजुट गरी महिला हिंसाको बारेमा सचेत गराउने अपाङ्गता अधिकारका बारेमा जानकार गराउने गर्न पाउँदा आफैमा केहि गर्न सक्छु भन्ने आत्म विश्वास बढेको छ” ।



# अपाङ्गता मैत्री स्थानिय सामुदायिक विद्यालय

कपिलवस्तु जिल्लाको यशोधरा गाउँपालिका वडा नं. ७ कोपवा अवस्थित श्री जगन्नाथ माध्यामिक विद्यालय कोपवामा अपाङ्गता भएका वालवालिकाहरूलाई विद्यालयमा जानका लागि प्रवेशद्वार नभएको विद्यालयका रुपमा थियो जुन यस वडा भित्रको एउटा मात्र मा.वि.हो । यो वडा भरिका वालवालिका अध्ययन गर्ने विद्यालय हो यो एउटा मात्र जुन विद्यालयमा जानका लागि साङ्ग वाललालिकाहरूलाई समेत भित्र जाने वाटो थिएन भने अपाङ्गता भएका वालवालिकाहरूलाई त झनै गाह्रो थियो । जसोतसो साङ्ग वालवालिका खेतको आलिबाट विद्यालय आउने गदर्थे भने अपाङ्गता भएका वालवालिका विद्यालय बाहिर हन्थे । विद्यालय पानी पर्ने वेलामा स-साना वालवालिकाहरू खोला तरेर जाने जस्तो वाटो थियो । त्यसैमा विद्यालयको चारैतिर नम्बरी जग्गा धानीहरू विद्यालयलाई वाटो नदिन पक्षमा थिए ।

दलित सामाजिक विकास केन्द्र तथा यूनाइटेड मिसन टु नेपालको संयुक्त साझेदारी सञ्चालित सी.बी.आर. परियोजना अन्तरगत समाबेशी शिक्षा तथा अपाङ्गता मैत्री विद्यालय निर्माण सम्बन्धी तालिममा यस विद्यालयका प्र.अ. तिलकराम लोहरसँग भेट भयो । उहाँले भन्नु भयो "वाटो नभएको विद्यालयमा कहाँ अपाङ्गता मैत्री हुनु" । सी.बी.आर. परियोजनाको पहलमा वडा अध्यक्ष, वि.व्य.स.को बैठक वसी विद्यालयमा अपाङ्गता मैत्री संरचना निर्माणका लागि छलफल गरियो । त्यस पश्चात विद्यालयको अनुमतिमा अपाङ्गता मैत्री संरचना निर्माण गर्न सुरु गरियो । विद्यालय, अभिभावक, सी.बी.आर. परियोजना र वडा कार्यालयको संयुक्त पहलमा कोपवा विद्यालयको भौतिक संरचना अपाङ्गता मैत्री भएको छ । अहिले नम्वरी जग्गा धनीले पनि केहि जग्गा दिएर वाटो बनेको छ । विद्यालयको प्रवेशद्वार, चर्पी, खाने पानी, खेल मैदान कक्षा कोठाहरु अपाङ्गता मैत्री भएकाछन् । लगभग यस विद्यालयमा अहिले ६०२ जना बालबालिका मध्ये ११ जना अपाङ्गता भएका बालबालिकाहरू भर्ना भई अध्ययन गरिरहेका छन् ।

"विद्यालयमा अहिले सम्म त्यस्तो ह्वील चियर प्रयोग कर्ता विद्यार्थिहरू भर्ना नभएता पनि भविष्यमा त्यस्ता शारीरिक अपाङ्गता भएका बालबालिकाहरूलाई स्वागत योग्य भौतिक संरचना भएकोमा बिद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितलाई गर्व लाग्छ ।" बिद्यालय प्रधानाध्यपक भन्नुहुन्छ ।



# रामधनीले आत्मनिर्भर बन्ने अवसर पाए

सुनाई सम्वन्धि अपाङ्गता भएका रामधनी यसोधरा गाउँपालिका वडा नं ५ सुठौलि मा बस्छन् । उनि बस्ने ठाउँ भारत र नेपालको सिमाना हो । पहिले उनको जनजीवन सामाजिक र आर्थिक शारीरिक अवस्था दयनीय रहेको थियो । उनको घर जग्गा केही पनि नरहेको अवस्था थियो । उनले अरुको घरमा मेहनत मजदुरी गरी आफ्नो दैनिक खाद्यबस्तु व्यवस्था गर्थे । मजदुरीको काम बन्द भएको समयमा साथीभाई छरछिमेकवाट ऋण सापटी लिएर आफ्नो दैनिक खाद्यबस्तु व्यवस्था मिलाउने गरेका थिए । सामाजमा उनी अपाङ्गता भएको कारणले अपहेलना पनि भोग्नु परेको थियो उनी सबै परिवार एउटा जमिदारको घरमा कमैयाको रुपमा बस्दै गरेका थिए । उनको बुवा पनि शारीरिक अपाङ्गता भएको व्यक्ति हुन । त्यसकारणले उनी शिक्षाबाट पनि बञ्चित रहनु पऱ्यो । अपाङ्गताको कारण आफ्ना कुराहरू राख्न नसक्ने र निर्णय प्रक्रिया पनि पहुँच नरहेकोले उनी नेपाल सरकारबाट पाउने सेवा सुबिधाबाट पनि बञ्चित रहनु परेको थियो । उनी साइकल पसलमा काम गरेको र मेकिनिकको काम गर्न धेरै रुचि राख्ने भएकोले उनी भित्र साइकल मर्मत गर्ने सीप पहिला देखि थियो तर जब देशमा कोभिड १९ को महामारीका कारण लकडाउन सुरु भयो त्यो बेलामा कटैवाट पनि ऋण सापटी नपाइने भएकोले र रोजगारी पनि गुमेका कारण भोक मरी हुने अवस्थामा उनको परिवार पुग्यो ।



दलित सामाजिक बिकास केन्द्र र यूनाइटेड मिसन टु नेपालको संयुक्त साझेदारीमा संचालित सी.बी.आ. परियोजनाको सामाजिक परिचालक लकडाउन खुकुलो हुँदा सम्पर्क समन्वय गर्न जाँदा अपाङ्गता समितिका पदाधिकारीहरू मार्फत रामधनीको बारेमा जानकारी पाए । उनीसँग प्रत्यक्ष भेटघाट गर्दा परियोजनाबाट कोभिड १९ को दोस्रो लाहरमा आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरूको जनजीवन सुधारका लागि परिवर्तन गरिएका क्रियाकलापबाट व्यवसाय सञ्चालनका लागि छनौट प्रक्रिया पूरा गरी साइकल मर्मत पसल संचालनका लागि अनुदान रकम रु १८०००/- (अट्ठारा हजार) रुपैया प्राप्त गरी आफ्नो व्यवसाय सुरु गरे ।

सुरु सुरुमा थोरै मात्र मानिसहरू उनको साईकल मर्मत पसलमा आउने गर्थे तर अहिले ग्राहकको संख्या बढेको छ । उनले पसलबाट दिनको रु ८००/- (आठ सय) आम्दानी गरिरहेका छन् । उनलाई चामल दाल तरकारी औषधी उपचारका लागि अब कसैसँग ऋण सापटी लिनु नपर्ने भएको छ । जमिनदारको घरमा काम गर्ने उनको परिवार अहिले आफै भाँडामा कोठा लिएर बस्न थालेका छन् । उनको परिवारका अन्य सदस्यले स्वतन्त्रपूर्वक अन्य स्थानमा ज्याला मदुरी गरिरहेका छन् । सामाजिक रुपमा उनको मान सम्मानमा पनि बृद्धि देखिएको छ । आफ्नो शीप प्रयोग गरी बिजुली पंखा मर्मत गर्ने काम पनि गर्न थालेका छन् । आफूले गरेको आम्दानी कहाँ खर्च गर्ने त्यसको निर्णय गर्ने कुरा स्वतन्त्र रुपमा गर्न पाएको र अन्य मानिसहरू सँग सम्पर्क समन्वयमा पनि बृद्धि भएकोले उनी र उनको परिवार धेरै खुशी छ । रामधनी भन्छन् "यस संस्थाबाट पाएको सहयोगले म र मेरो परिवारको दैनिक जिवन धेरै सहज भएको छ" ।



# जन्मावतिले पाइन नागरिक अधिकार

यशोधरा गा.पा.-५ लोहरौली बस्ने २९ बर्षीय जन्मावती पासी एक दृष्टिविहिन अपाङ्गता भएकि महिला हुन । उनको परिवारमा ९ जना सदस्य रहेको छ । श्रीमान धर्मेन्द्र संग विवाह गरेको धेरै वर्ष सम्म पनि सन्तान नभएपछि उनका श्रीमानले दोस्रो विवाह गरे । दोस्रो विवाह पछि उनको श्रीमानले उनलाई त्यति माया गर्न छाडे । संयोगवस उनि बाट पनि सन्तानको रुपमा छोराको जन्म भयो । तर उनको परिवारले उनलाई अपाङ्गत भएकै कारण उनी र उनी बाट जन्मिएका सन्तानको पालन पोषणमा खासै ध्यान दिएन । त्यति मात्र नभएर जन्मावति र उनी बाट जन्मिएका छोरा र उनीले नेपाली नागरिकको रुपमा पाउनुपर्ने परिचय पत्र जन्म दर्ता नागरिकता र अपाङ्गता परिचय पत्र र विवाह दर्ता समेत पाउन सकेका थिएनन् । जसको कारण नागरिकले पाउने पर्ने अधिकारको प्रयोग गर्न पाएका थिएनन् । दृष्टिविहिन अपाङ्गता भएको कारण छरछिमेक तथा गाउँका प्राय सबै मानिसले जिस्काउने र हेला गर्ने गर्थे ।

दलित सामाजिक विकास संस्था र यूनाइटेड मिसन टु नेपालको साझेदारीमा सञ्चालित सी.बी.आर. परियोजना अन्तरगत सञ्चालित विभिन्न कार्यक्रम गोष्ठि तालिममा सहभागी भएर जन्मावतिले महिलाहरूले पाउँने हक अधिकारको बारेमा अपाङ्गता परिचय पत्रको बारेमा र अपाङ्गता भएका व्यक्तिहरूले पाउने सेवा सुबिधा बारेमा जानकारी पाइन । र आफ्नो श्रीमानलाई विवाह दर्ता र नागरिकता बनाउनका लागि अनुरोध गरिन तर उनको श्रीमान विवाह दर्ता र नागरिकता बनाउन तयार नभएपछि सी.बी.आर. परियोजनाका कर्मचारीसँग परामर्श लिन आउनुभयो । परामर्श अनुसार उनी यशोधरा गाउँपालिकाको



न्ययायिक समितिमा विवाह दर्ता र नागरिकता बनाई पाउँ भनी उजुरी गरिन । त्यसपछि महिला अधिकारकमी अपाङ्गता अधिकारकर्मीको उपस्थितिमा उनको श्रीमानसँग छलफल गरियो । छलफल पछि उनका श्रीमानले वडा कार्यालयमा उनको विवाह दर्ता बनाइदिए तर नागरिकता बनाइदिएन त्यस पछि उनी पुन जिल्ला प्रहारी कार्यालय नागरिकता बनाइ पाउँ भनी उजुरी गरे पछि नागरिकता बनाउने बारेमा छलफल भयो र त्यसपछि उनको श्रीमानले जन्मावतीको विवाह दर्ता र नागरिकता दुबै आफ्नो नाम अनुसार बनाइदिए । सोहि अनुसार उनको अपाङ्गता परिचय पत्र पनि बन्यो र त्यसपछी उनले गाउँपालिकाबाट निरन्तर रुपमा सामाजिक सुरक्षा भत्ता पनि पाउन थालिन । जसको कारण पहिले भन्दा खुशी साथ आफ्नो जीवनयापन गरिरहेकि छिन् । जन्मावती भन्छिन् “मेरो विवाह दर्ता नागरिकता बनेपछि अपाङ्गता परिचय पत्र बनाए जसले गर्दा सुबिधा पाइरहेका छु र यो सुविधाले मेरो दैनिक जिवनमा सहज भएको छ ।” त्यसको लागि म यू.एम.एन. लगाएत दलित सामाजिक विकास केन्द्र दुबै संस्थालाई धेरै धन्यवाद दिन चाहन्छु ।